नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी कल्याण शाखा)

पत्र संख्या : ०८०/०८१

चलानी नं. : ९८४

मिति: २०८१/०२/०१

नेपाल संवत् ११४४ बछलाथ्व ७, बुधबार

पकहाँमैनपुर गाउँपालिका
पकहाँमैनपुर, पर्सा
दर्ता नं.: ११०५
मिति : २०८१/०२/०८

श्री स्थानीय तह, ७५३ वटै ।

विषय : विशेष आर्थिक सुविधा जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा श्री अर्थ मन्त्रालयको च.नं. ७३६ मिति २०८१।०१।०३ र श्री कर्मचारी सञ्चय कोषको च.नं ५८-०८०/८१ मिति २०८०।०१।३१ पत्र यसै साथ संलग्न छ।

उक्त पत्रमा उल्लेख भए बमोजिम निजामती कर्मचारीको सेवाकालमै मृत्यु भएको अवस्थामा निजामती सेवा ऐन, २०४९को दफा ३९घ बमोजिमको विशेष आर्थिक सुविधा प्रचलित कानुन र स्वीकृत मापदण्ड बमोजिम कर्मचारी सञ्चय कोषमार्फत लिन सकिने व्यहोरा तहाँ र तहाँ मातहत कार्यरत कर्मचारीहरुलाई जानकारी गराईदिने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ । साथै यो पत्र आ-आफ्नो कार्यालयको वेबसाइटमा प्रकाशित गरि दिनुहुन समेत अनुरोध छ।

(शरद कुमार दाहाल)
शाखा अधिकृत

बोधार्थ

श्री कर्मचारी सञ्चय कोष, ठमेल काठमाडौं ।

CamScanner

कर्मचारी सञ्चय कोष

Employees Provident Fund O/C

(कर्मचारी सञ्चय कोष ... )

निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग

च.नं. ५८-०८०/८१

मिति : २०८१/०१/३१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

विषय : निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको बिशेष आर्थिक सुविधा सम्बन्धमा ।

नेपाल सरकार, अर्थ मन्त्रालयको प.सं.वि.क्षे.व्य.सं.स. २०८०/८१ च.नं. ७३६ मिति २०८१/०१/०३ को पत्रानुसार निजामती कर्मचारीको सेवाकालमै मृत्यु भएको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको बिशेष आर्थिक सुविधा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम कर्मचारी सञ्चय कोषमार्फत उपलब्ध गराई अर्थ मन्त्रालयले शोधभर्ना गर्ने सम्बन्धी निर्णय कार्यान्वयनको लागि निर्देशन भई आएकोमा कोषबाट यसैसाथ संलग्न बमोजिमको मापदण्ड बनाई कार्यान्वयनमा ल्याईएको हुँदा त्यस मन्त्रालयमार्फत सम्बन्धित सबै सरकारी निकायहरुमा यस सम्बन्धी जानकारी गराई सहयोग गरिदिनु हुन अनुरोध छ ।

(सागर कुमार सिंह)
बिभागीय प्रमुख

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कर्मचारी कल्याण शाखा
दर्ता नं.:- ९६६
मिति:- २०८१/१/३१

## कर्मचारी सञ्चय कोष

(निजामती सेवा ऐन २०४९ को दफा ३९ घ. अनुरुपको विशेष आर्थिक सुविधा दाबी आवेदन फाराम)

श्री कर्मचारी सञ्चय कोष

.................................................

**विषयः निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. अनुरुपको विशेष आर्थिक सुविधा उपलब्ध गराउने बारे।**

उपरोक्त सम्बन्धमा तपसिलमा उल्लिखित निजामती कर्मचारीको निजामती सेवामा रहँदाकै अवस्थामा मृत्यु भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. मा व्यवस्था भएअनुरुप विशेष आर्थिक सुविधा पाउन निवेदन गर्दछु। यसमा उल्लिखित सम्पूर्ण विवरण ठिक छन्, यसमा पछि कुनै कुरा झुठो साबित भएमा कानून बमोजिम सहुँला बुझाउँला।

मृतक कर्मचारीको सञ्चय कोष परिचय पत्र नं. : .................................................

मृतक कर्मचारीको नामथर : .................................................

कार्यालयको नाम, ठेगाना : .................................................

नियुक्ति मिति : २०........ /.......... /..........

मृत्यु भएको मिति : २०.......... /.......... /..........

हकवालाको नाम थर, वतन : .................................................

हकवालाको सम्पर्क नम्बर : .................................................

मृतक कर्मचारीसँगको नाता : .................................................

मृतक कर्मचारीको सिटरोल नम्बर (निजामती किताबखाना नम्बर) : ..........................

आवेदकको दस्तखतः ..........................

रेखात्मक सहिछापः

| | |
|---|---|
| | |
| दाँया | बाँया |

**संलग्न गर्नुपर्ने कागजातहरु :**

| | | | |
|---|---|---|---|
| १. | सम्बन्धित कार्यालयबाट सेवामा रहँदाकै अवस्थामा मृत्यु भएको व्यहोरा खुलेको मृत्यु खालीको पत्र (निजामती किताबखाना र कर्मचारी सञ्चय कोषलाई लेखेको पत्र) | | |
| २. | निवृत्तभरण अधिकार पत्रको प्रतिलिपि (निवृत्तभरण हुनेको हकमा) | ३. | विवाह दर्ता वा नाता खुल्ने प्रमाणित पत्र |
| ४. | कर्मचारी सञ्चय कोष परिचय पत्रको प्रतिलिपि | ५. | मृतक तथा हकवालाको नागरिकताको प्रतिलिपि |
| ६. | मृत्यु दर्ता प्रमाणपत्र | ७. | अन्य आवश्यक कागजात |

### सम्बन्धित कार्यालयबाट प्रमाणित गर्ने

यस कार्यालयका ................ दर्जाका कोष परिचय पत्र नं. ...................... का कर्मचारी श्री ...................... ................ निजामती कर्मचारी रहेको व्यहोरा प्रमाणित गरिन्छ। यसमा माथि उल्लिखित सम्पूर्ण विवरणहरु ठिक छन्। निजको निजामती सेवामा रहँदाकै अवस्थामा मृत्यु भएकोले नेपाल सरकार, अर्थ मन्त्रालयबाट शोधभर्ना हुनेगरी निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. मा व्यवस्था भएअनुरुप विशेष आर्थिक सुविधा बापतको रकम मृतक कर्मचारीको हकवाला श्री .................................................... लाई उपलब्ध गराईदिनु हुन सिफारिस सहित अनुरोध गरिन्छ।

**कार्यालय प्रमुखकोः**

| |
|---|
| दस्तखत : |
| नाम थर : |
| दर्जा : |
| सञ्चय कोष परिचय पत्र नं. : |
| मिति : |

कार्यालयको छाप

*द्रष्टव्यः यस सम्बन्धमा आवश्यकता अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी सिफारिस तथा निर्णय गर्न सकिनेछ।*

CS CamScanner

नेपाल सरकार

# अर्थ मन्त्रालय

(वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- वि.क्षे.व्य.सं.स. २०८०/८१
च. नं.:- 636

मिति: २०८१/०१/०३

विषय: विशेष आर्थिक सुविधाको सम्बन्धमा।

श्री कर्मचारी सञ्चय कोष,
पुल्चोक, ललितपुर।

निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. मा व्यवस्था भएको विशेष आर्थिक सुविधा वापतको रकम देहायका शर्तहरुको आधारमा कर्मचारी सञ्चय कोषवाट भुक्तानी गरी अर्थ मन्त्रालयमा शोधभर्ना माग गर्न (मा.मन्त्रिस्तर) वाट मिति २०८०/१२/२८ मा निर्णय भएको हुँदा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ।

**तपशिल**

१. निजामती सेवा ऐन, २०४९ को दफा ३९घ. बमोजिमको विशेष आर्थिक सुविधा उपलब्ध गराउँदा प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम उपलब्ध गराउने,
२. यसरी उपलब्ध गराएको आर्थिक सुविधा वापतको रकमको शोधभर्ना अर्थ मन्त्रालयसंग माग गर्ने र
३. अर्थ मन्त्रालयसंग शोधभर्ना वापतको रकम माग गर्दा कर्मचारी सञ्चय कोषको प्रशासक स्तरीय निर्णयवाट माग गर्ने।

(अम्विका प्र. भट्टराई)
शाखा अधिकृत

M/C

पुनश्च: यस पूर्व तहाँ कोषवाट भुक्तानी भएको रकमको शोधभर्ना आवश्यक प्रक्रिया पुरा गरी माग गर्न समेत जानकारी गराईन्छ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.स.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
इमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np